# ............................... सहकारी संस्था लि.

# ................................पालिका ......,...................

## बजार व्यवस्थापन कार्याविधि - २०७७

१. **प्रस्तावना :** यस .................... ............ सहकारी संस्था लि.का आफ्ना सदस्यहरुले उत्पादन गरेका उपभोग्य वस्तु र अन्य उत्पादनको बजारीकरण गर्ने, बिउविजन, रासायनिक तथा जैविक मल र उपभोग्य वस्तुहरु सुपथ मूल्यमा उपलब्ध गराउने, विभिन्न उत्पादन सदस्यलाई उत्पादन गर्न प्रेरित गरी वा अन्य स्थानबाट खरिद गरी ग्रेडिङ, लेवलिङ, प्याकेजिङ गरी बजारीकरण गर्ने उद्देश्येले यो सहकारी बजार व्यवस्थापनकार्यविधि तयार गरीएको छ ।

२. **संक्षिप्त नाम र प्रारम्भ :-** यो कार्यविधिको नाम **बजार व्यवस्थापन कार्याविधि - २०७७** रहनेछ । यो कार्यविधि साधारण सभावाट पारीत गरीएको मितिदेखि लागु हुनेछ ।

३. **परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस 'सहकारी बजार व्यवस्थापन कार्यविधि-२०७७' मा

क) **'संस्था'** भन्नाले ...................... सहकारी संस्था लिमिटेडलाई सम्झनु पर्दछ ।

ख) **'सञ्चालक'** भन्नाले संस्थाको संचालक समितिका पदाधिकारी लगायतका सदस्यहरु समेतलाई जनाउने छ ।

ग) **'सदस्य'** भन्नाले संस्थाले तोकेको न्यूनतम कित्ता शेयर खरीद गरेका संस्थाका शेयर सदस्यहरुलाई जनाउनेछ ।

घ) **'संरक्षित पूँजी फिर्ताकोष'** भन्नाले विनियममा व्यवस्था भएको कारोवारका आधारमा वितरण गरिने कोषलाई जनाउने छ ।

ङ) **'उपसमिति'** भन्नेले यसै कार्यविधि अनुसार यसै कार्यविधिमा तोकिएका काम गर्नका लागि गठित उपसमितिलाई जनाउने छ ।

च) **सहकारी बजार** भन्नाले यस सहकारी संस्था द्वारा संचालित बस्तु खरीद बिक्रि हुने स्थानलाई जनाउने छ ।

४. **उद्देश्य :**

१) संस्था र सदस्यहरुलाई उत्पादन संग जोड्न ।

२) विचौलियाको अन्त्य गरी सदस्य र समुदायलाई दैनिक उपभोग्य बस्तु सहज तथा सहुलियतमा उपलब्ध गराउन ।

३) सदस्यले उत्पादन गरेको वस्तुको बजारीकरण गर्न ।

४) सदस्यहरुलाई व्यवसायीक बनाउन ।

५) संस्थाको विनियममा उल्लेखित उद्देश्यहरु पुरा गर्न ।

५. **बजार व्यवस्थापन उप-समितिको गठनः**

संस्थामा उपभोग्य वस्तु तथा बिउविजन,मल, कृषि उपज तथा डेरी सञ्चालनका लागि वस्तुको खरिद, विक्रि, भण्डारण, ग्रेडिङ, लेवलिङ, प्याकेजिङ तथा बजारीकरण सम्बन्धि कार्यलाई व्यबस्थित बनाउनका लागि सञ्चालक समितिले निम्न बमोजिमको ............. सदस्यीय उप-समितिको गठन गर्न सक्नेछ साथै संस्थाको व्यवसायीक कार्यहरु विस्तार हुदै विभिन्न विषयगत व्यवसायमा अलग्गै उपसमितिको महसुस भएमा संस्थाले

व्यवसाय अनुसारका उपसमितिको गठन गर्न सक्नेछ । उपसमितिको पदावधि सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

क) संयोजक, संचालक मध्येबाट १ जना

ख) सदस्य, उपभोक्ता तथा उत्पादक शेयर सदस्यबाट १ जना

ग) पदेन सदस्य, बजार व्यवस्थापक/बजार प्रमुख/ व्यवस्थापक

**६. सहकारी बजार व्यवस्थापनउप-समितिको काम, कर्तव्य र अधिकारः**

यस कार्यविधिको दफा ५ बमोजिम गठित उप समितिको काम कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछन्:

क) उपभोग्य पदार्थ तथा बिउविजन,मल,कृषि उपज तथा डेरी सम्बन्धि कामलाई नियमित रुपमा सञ्चालनको नेतृत्व गर्ने ।

ख) सञ्चालक समितिलाई काममा सहयोग गर्ने ।

ग) बार्षिक व्यवसायिक योजना बनाई सञ्चालक समितिमा पेश गर्ने ।

घ) तोकिएको व्यवसायिक कार्यको मासिक प्रगति प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।

ङ) दैनिक कामको योजना बनाई कार्यान्वयन गराउने ।

च) काममा कर्मचारीलाई सहयोग गर्ने ।

ज) बजारको अबस्थाको अध्ययन गरी वस्तुको मूल्य निर्धारण गर्ने ।

झ) कर्मचारीलाई मासिक लक्ष्य निधारण गरि उक्त लक्ष्य पुरा गर्न सहयोग गर्ने ।

ट) सञ्चालक समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**७. बिउविजन सम्बन्धि कार्यः**

विउविजन सम्बन्धि कार्यलाई निम्न बमोजिम व्यवस्थापन गरीने छ :

क) किसान सदस्यहरुको माग बमोजिमका खाद्यवाली, तरकारी तथा अन्य नगदेवालीका उन्नत तथा बर्णशंकर जातका तयारी बिउविजनहरु थोक मूल्यमा खरिद गरी सुपथ मूल्यमा विक्रि गरिने ।

ख) सदस्य किसानहरुलाई विभिन्न बिउविजनहरु एकल वा सामुहिक रुपमा उत्पादन गर्न लगाई सो बिउ संस्थाले खरिद गरी ग्रेडिङ, लेवलिङ, प्याकेजिङ, प्रमाणीकरण गरी सदस्य किसानलाई सहुलियतमा विक्रि गरिने, स्थानिय मागलाई सम्बोधन गर्ने र बाहिरी बजारमा समेत निर्यात गरीने ।

ग) अन्य सहकारी संस्था वा समुह वा नीजि व्यबसायीले उत्पादन गरेको कच्चा बिउ खरिद गरी ग्रेडिङ, लेवलिङ, प्याकेजिङ गरी बजारीकरण गरीने ।

घ) ग्रेडिङ, लेवलिङ, प्याकेजिङको कार्यलाई छिटो छरितो र गुणस्तरिय बनाउनका लागि उपकरणको प्रयोग गर्ने त्यसका लागि उपकरणहरुको व्यवस्थापन गर्ने ।

ङ) उपर्यूक्त भण्डारण र सुरक्षाको प्रबन्ध गर्ने ।

च) बजारीकरणका लागि स्थानिय तह, प्रदेश सरकार, केन्द्र सरकार, कृषि ज्ञान केन्द्र, अन्य सहकारी संस्था, जिल्ला सहकारी संघ, सहयोगी संस्था लगायत संग समन्वय गर्ने ।

छ) डालेघाँस तथा फलफुलका नर्सरी तयारी गरी त्यसको विक्री व्यवस्थापन गर्ने ।

**८. तरकारी तथा फलफुल खरिद,संकलन तथा बिक्रीः**

क) सदस्यहरुले उत्पादन गरेका तरकारी जन्य बस्तुको संस्थाले बजारीकरणको कार्य लाई प्राथमिकता दिइनेछ ।

ख) उचित मूल्यमा तरकारी तथा फलफुल खरिद गर्ने ।

ग) ताजा तरकारी तथा फलफुल उचित तापक्रममा राखि विक्रिको प्रबन्ध गरीनेछ ।

घ) उन्नत तरकारी तथा फलफुल बिउबिजनहरु शेयर सदस्य तथा समुदायका नागरिकलाई

उत्पादनका  लागि वितरण  गरिने छ ।

ङ) एग्रोभेट संग सम्झौता गरी कृषक सदस्यलाई उचित मुल्यमा सेवा उपलब्ध गराइने छ ।

**९. डेरी व्यवस्थापन सम्बन्धि कार्यः**

क) कृषक सदस्यले उत्पादन गरीरहेको दुधको बजार सुनिश्चित गर्नका लागि संस्थाले सदस्य तथा समुदायहरु वाट दुध खरिद गर्ने ।

ख) खरिद गरीएको दुधलाई उचित र सुरक्षित भण्डारण तथा बिक्रि बितरण गर्ने ।

ग) स्थानिय बजारको माग बमोजिम दुधको आपुर्ति गर्ने ।

घ) दुग्धजन्य बस्तुहरुको विविधिकरण गरी बजारीकरण गर्ने ।

ङ) कृषक सदस्यहरुलाई उत्पादित दुध संस्थामै विक्रि गर्न  स्थानिय स्तरमा संकलन गर्ने व्यवस्था मिलाउने।

च) दुधको प्रसोधन, ब्राडिङ, प्याकिङ र लेवलिङ गरी बजारीकरण गर्ने ।

छ) सहयोगी संस्था तथा निकायमा व्यवसायिक तथा वित्तिय सहयोगको माग गर्ने ।

ज) कृषक सदस्यलाई पशुपालन तथा दुध उत्पादनमा प्रोत्साहन गर्ने ।

झ) पशु स्वास्थ, पौष्टिक आहार , नश्ल सुधार कार्यक्रम नियमित रुपमा संचालन गर्ने ।

ञ) पशु बिमा कार्यक्रमको व्यवस्था मिलाउने ।

ट) नियमित रुपमा कृषक सदस्यहरुलाई उत्पादन बृद्धिमा सहयोग गर्ने शिक्षा तथा तालिमको व्यवस्था गर्ने

**१०) उपभोग्य बस्तुको व्यवस्थापनः**

क) सदस्य तथा समुदायका नागरिकको लागि दैनिक जीवनमा आबश्यक पर्ने उपभोग्य बस्तुहरु थोक मूल्यमा खरिद गरी  थोक तथा खुद्रा बिक्री गर्ने ।

ख) उपभोग्य वस्तुको गुणस्तर कायम गर्नका लागि गुणस्तरयूक्त बस्तु उपलब्ध गराउन सक्ने व्यक्ति वा निकायबाट मात्र वस्तु खरिदको प्रबन्ध मिलाउने ।

ग) उपलब्धता भए सम्म स्थानिय उपभोग्य कच्चा पदार्थ खरिद गरी त्यसको प्रशोधन, ग्रेडिङ, लेवलिङ गरी विक्रि गर्ने ।

घ) सम्भव भए सम्म छिमेकी जिल्लाहरुबाट उपभोग्य बस्तुको ताजा कच्चा पदार्थ खरीद गरी प्रशोधन,ग्रेडिङ,लेवलिङ गरी विक्रि गर्ने ।

ङ) नीजि व्यवसायीको भन्दा गुणस्तरिय वस्तु सहुलियत मूल्यमा उपलब्ध गराउने ।

च) गुणस्तर मापन  र नापतौलमा पूर्णरुपमा ध्यान दिने ।

**११. रासायनिक तथा जैविक मलको कारोवारः**

क) किसान सदस्यहरुको माग बमोजिम कृषि समाग्री कम्पनि लि वा साल्टट्रेडिङ कर्पोरेशन लि.बाट मल खरिद गरी विक्रि गर्ने ।

ख) जैविक मल प्रयोगमा प्रोत्साहन गर्ने जसका लागि सम्बन्धित निकायबाट जैविक मल खरिद गरी सो को वितरण गर्ने ।

ग) माटोको उर्वराशक्ति बचाउनका लागि किसान सदस्यहरुमा अभिमूखिकरण गर्ने ।

घ) कृषक सदस्यहरुलाई कम्पोस्ट मल तयार गर्नका लागि तालिम दिने, उत्पादन गर्न लगाउने र संस्थाले बजार व्यवस्था मिलाउने ।

ङ) रासायनिक मलको स्थानमा १० बर्ष भित्र कम्पोस्ट मल, जैविक मल प्रयोगलाई व्यापक बनाउने र संस्थाले सोहि कारोवार गर्ने ।

च) नुन तथा रासायनीक मलको सम्वन्धित निकाय संग सम्झौता गरी थोक  तथा खुद्रा

बिक्रेताको रुपमा सदस्य किसान लाई उपलब्ध गराउने ।

**१३) स्थानिय घरेलु उत्पादन खरिद, बिक्रीः**

क) सदस्यहरुले उत्पादन गरेका घरेलु हाते साम्रागी जस्तै दुना, टपरी, नाम्लो, दाम्लो, सुपो, छिटिनि, डकिया, डोको, तोरन, दियो, बति, घैटा, खुत्रुके आदि संस्थाले बजारीकरणको कार्य लाई प्राथमिकता दिइनेछ ।

ख) उचित मूल्यमा स्थानिय उत्पादन खरिद गर्ने ।

ग) संकलित बस्तुको आर्कषक सजावट गरी  विक्रि बितरणको प्रबन्ध मिलाउने ।

घ) उत्पादनका  लागि  प्रेरित गर्नको लागी तालिम , सिप बिकास र सुभल दरमा ऋण उपलब्ध र खरीदको सुरक्षा प्रादन गर्ने छ ।

ङ) सदस्य तथा समुदायको माग अनुसार दुवो, सयपत्रि, मखमलि लगायत अन्य प्रकारका मालाहरु उपलब्ध  गराइने छ ।

च) रिति रिवाज अनुसारका पुजा समाग्रिहरुको प्रवन्ध गरी सदस्य तथा समुदायको माग अनुसार सहज एंव सुलभ रुपमा उपलब्ध गराइने छ ।

**१४) अर्गानीक तरकारी तथा खाद्य बस्तु खरीद, बिक्रि**

क) सदस्यहरुले बिषादी प्रयोग बिना उत्पादन गरेका तरकारी तथा खाद्यबस्तुहरु बजारीकरणको कार्य गरीनेछ ।

ख) उचित मूल्यमा स्थानिय उत्पादन खरिद गर्ने ।

ग) आर्कषक सजावट गरी  विक्रिको बितरणको प्रबन्ध  गरीनेछ ।

घ) उत्पादनका  लागि  प्रेरित गर्नको लागी तालिम , सिप बिकास र सुभल दरमा ऋण उपलब्ध गराउनुको साथै सदस्यद्धारा उत्पादित बस्तु बिक्रि बितणको  ब्यवस्था मिलाइने छ ।

ङ) मौषम अनुसारको उत्पादित तरकारीहरु सुकायर वा उसिनेर तयारी तथा प्याकेजिङ गरी बेमौसममा प्रयोग गर्न मिल्ने तरकारीहरु जस्तै सिन्की, गुन्द्रुक, सुकेसाग, मुलाको चाना, अम्चुर, गावाको प्राप्रो, टमाटरको चाना, ................................... को खरीद तथा बिक्रि गर्ने ।

च)

**१५) अण्डा तथा माछा,मासु खरीद तथा बिक्रि बितरण :**

क) सदस्यहरुले उत्पादन गरेको खसी, लोकल कुखुरा, माछा, अण्डा खरीद तथा बजारीकरण गर्ने ।

ख) गुणस्तर तथा सहि नापतौलको प्रवन्ध गरी  विक्रि बितरणको प्रबन्ध  गरीनेछ ।

ग) उत्पादनका  लागि  प्रेरित गर्नको लागी तालिम , सिप बिकास र सुभल दरमा ऋण उपलब्ध गराउनुको साथै सदस्यद्धारा उत्पादित बस्तु बिक्रि बितणको  ब्यवस्था मिलाइने छ ।

घ) मौषम अनुसार (दसै, तिहार, माघि, नया वर्ष ) मा बिशेष कार्यक्रम संचालित गरी खरीद तथा बिक्रि गर्ने ।

ङ) स्वस्थरकर मासु, माछा होमडेलिवरीको प्रवन्ध गर्ने ।

**१६) मूल्य निर्धारणः**

क) सदस्यहरु द्धारा उत्पादीत वस्तुको खरीद मूल्य उक्त बस्तुको लागत तथा बजार मुल्यको आधारमा  निर्धारण गरिनेछ ।

ख) सदस्यहरु द्धारा उत्पादीत बस्तु सहकारी बजार माफर्त बिक्रि गर्दाको मुल्य खरीद लागत, ब्यवस्थापन लागत र मुनाफा लाई आधार मानि निर्धारण गरीनेछ ।

ग) माग र पूर्तीको आधारमा वस्तुको मूल्यको बृद्धि गरीने छैन ।

घ) कुनै पनि बस्तुको खरिद, प्रशोधन, ग्रेडिङ, लेवलिङ, भण्डारण र ढुवानी गर्दा आउने खर्च कटाई

बढिमा ...... देखि २५ प्रतिशत सम्म मार्जिन राखेर वस्तुको विक्रि मूल्य निर्धारण गरिने छ। शेयर सदस्यहरुका लागि वार्षिक कारोवार गरेको अभिलेखको आधारमा बजार व्यवसाय वाट भएको नाफा(बचत) को ....... प्रतिशत रकम फिर्ता गरिने  व्यवस्था मिलाइने  छ।

घ) बजारको मूल्य माग र पुर्तीको आधारमा निर्धारण हुने हुदा कच्चा पदार्थको मूल्य कम भएको समयमा  बस्तु खरिद गरी भण्डारणको प्रबन्ध गरिनेछ।

ङ) सदस्यहरुको उत्पादन खरिद गर्दा बजारको खरीद मूल्यमा बढिमा ... प्रतिशत सम्म बढि मूल्य दिएर खरिद गर्न सकिनेछ।

च) नेपाल सरकार वा सरकारका निकायले तोकिएको मूल्य सोहि अनुसार निर्धारण भएको मानिनेछ। सो मूल्यमा बढि मूल्य लिएर संस्थाले कारोवार गर्ने छैन। तर सदस्यहरुलाई छुट तथा सहुलियत दिन यसले वाधा पार्ने छैन।

**१७) भण्डारणको प्रबन्धः**

क) वस्तु नासिने, खेर जाने अबस्थाबाट बचाउनको लागि उपयूक्त र सुरक्षित भण्डारणको व्यवस्था मिलाईने छ।

ख) किरा, मुसा, ढुसी, ओसेपबाट हुने नोक्सानबाट बचाउन सुरक्षााको प्रबन्ध मिलाईने छ।

ग) मौसमी खाद्य पदार्थको सोहि मौसममा खरिद गरी सुरक्षित तवरबाट भण्डारण गरीनेछ।

घ) मागको आधारमा मूल्य निर्धारण नगरिए पनि लामो समय सम्म भण्डारण गर्दा लाग्ने खर्च विक्री मूल्यमा जोडिन सकिने छ।

ङ) उपयुक्त प्रकारले सुरक्षित भण्डारण नगरी लापरवाही गरेको देखिएमा सो बाट भएको क्षतिको सोधभर्ना सम्बन्धित जिम्मा पाएको व्यक्तिबाट गरिने।

**१८.खरीद प्रकृया :** संचालक समितिले तोकेको बजेटको परिधिभित्र रही देहाय बमोजिमको प्रकृया अपनाई सामान खरीद गर्नु पर्नेछः

क) खरीद गर्नु पर्ने सामानको नाम, परिमाण र संभब भएसम्म अनुमानित मुल्य सहितको सूचि बजार व्यवस्थापकले तयार गर्नु पर्नेछ। उक्त सूचि उपसमति बाट स्वीकृत गराउनु पर्नेछ।

ख)  सदस्य कृषकको उत्पादन र रु .................रकम सम्मको सामान खरीद प्रत्यक्ष बिधि वाट गर्न सकिनेछ , अन्यथा अनिवार्य कोटेशन बिधि अवलम्वन गर्नु पर्नेछ।

ग) खरीद गर्ने बस्तुको सकेसम्म खुद्रा मुल्य, गुणस्तर, उत्पादन मिति र समाप्ती मिति यकिन गर्नु पर्दछ।

घ) उपभोक्ताको रुची, चाहना र बस्तुको गुणस्तरलाई प्राथमिकतामा राख्नु पर्नेछ।

ड.)  खरीद गरिसकेपछि भण्डारण गर्नुपूर्व बिल अनुसार माल भए नभएको रुजु गर्नु पर्नेछ। फरक परेमा कारण सहित संयोजकलाई जानकारी गराउनु पर्नेछ।

च)  बजार व्यवस्थापकले बिल अनुसार रुजु गरेर माल बुझ्नु पर्नेछ।  बिल अनुसार परिमाण, मुल्य, गुणस्तर, उत्पादन तथा समाप्ती मिति आदि फरक परेमा वा बिलमा कुनै कैफियत भएको शंका लागेमा तुरुन्त आपुर्तीकर्तालाई जानकारी गराई आवश्क परेमा सो को प्रतिकृया लिखित रुपमा व्यवस्थापकलाई समेत पेश गर्नु पर्नेछ।

छ)  आफूले बुझेको माल ग्रेडिड., प्याकिड., ट्यागिड. वा प्रशोधन गर्नु पर्ने भए तुरुन्त माल भर्पाइ गराएर सो को प्रबन्ध मिलाउनु पर्नेछ। प्रोशेशिड. भईसकेको माल भर्पाइ अनुसार भएको यकिन गरी फिर्ता बुझि लिनु पर्दछ।

ज)  प्रोशेशिड. भएर स्टोरमा आइसकेपछि खरीद प्रकृया समाप्त भएको मानिनेछ। यसरी स्टक भएको माल बिक्रीको लागि पसलमा राखिनेछ।

**१९. सजावट र बिक्री प्रकृयाः**

क) बिक्री प्रतिनिधिको माग फारमको आधारमा बजार व्यवस्थापकले स्टकमा भएको मालसामन उपलब्ध गराउने छ। यसरी लिएको मालसाामान बिक्रि प्रतिनिधिले आकर्षक ढंगले निर्धारित स्थानमा ग्रुप मिलाएर सजावट गर्नुपर्ने छ। सजावट गरेको शो पीस बाहेक अलग्गै भण्डार गरेर पनि बिक्री गर्न सकिनेछ।

ख) स्टोरबाट अर्डर गरी लिएको सम्पूर्ण माल कम्प्यूटरमा रेकर्ड गरिने छ। यस्तो मालसामन बिक्री मूल्यमा हुनेछ।

ग) ग्राहकको अर्डर अनुसार विल जारी गरिनेछ। विल अनुसार मालसामान रुजु गरेपछि मात्र ग्राहकको हातमा थमौती गरिनेछ। बिना बिल कुनै पनि सामान बिक्री कक्षबाट बहिरिने छैन।

घ) बिक्री भैसकेको माल फिर्ता हुने छैन तर भुलचुक भएमा मिलान गरिने छ। कुनै शर्त बन्देज भए सोही बमोजिम हुनेछ।

ड.) बिक्री भएको सामान तोकिएको थप शुल्क लिएर डेलिभरी दिन सकिनेछ।

च) बिक्री प्रवर्द्धनका लागी गोष्ठि, सेमिनार, घुम्ती शिविर बिज्ञापन, छुट, उपहार, कूपन, कार्ड लगाएत अन्य उपायहरु अबलम्बन गर्न सकिनेछ।

## २०. हिसाव तथा अभिलेखः

क) वस्तुको खरिद, बिक्री तथा मालसामान मौज्दातलाई दैनिक रुपमा मिलान गरीने छ, वस्तु खरिदलाई खरिद खातामा, बिक्रीलाई बिक्री खातामा र बचेको माललाई मालमौज्दात खातामा दुरुस्तअभिलेखको व्यवस्थापन गरिनेछ।

ख) हरेक दिन कारोवार बन्द गर्नु अगाडी दैनिक खाता अनिवार्य मिलाउनु पर्ने छ।

ग) हिसाव तथा अभिलेख व्यवस्थापनका लागि कर्मचारीलाई जिम्मा तोकिने छ।

घ) सदस्य तर्फको कारोवारको खरिद तथा बिक्री विवरणको छुटै अभिलेख राखिनेछ।

ङ) गैर सदस्य संग उधारोमा कारोवार गरीने छैन, सदस्य संग कारोवारमा पनि .....दिन/महिना भन्दा ..... बढि समयको उधारो कारोवार गरिने छैन। यदि .....दिन/महिना भन्दा बढिको उधारो अशुल नभएमा..... महिना सम्मका लागि संस्थाले तोकेको सबै भन्दा बढि व्याज दरमाका हिसावले व्याज समेत जोडी अशुल गरीने छ। तत्पश्चात पनि अशुल नभएमा सदस्यको संस्थामा रहेको शेयर वचत तथा अन्य दायित्वबाट अशुल गरीनेछ त्यस वाट पनि असुल नभएमा कानुनी कारवाही वा सामाजिक दवाको कार्यक्रम गरी असुल उपर गरि सदस्यताबाट समेत निश्काशन गरिनेछ।

च) कारोवार गर्दा अनिवार्य रुपमा विल जारी गरीनेछ।

## २१. संरक्षित पूँजी फिर्ता कोषको कार्यान्वयन :

क) सहकारी ऐन, नियमावलि र संस्थाको विनियममा व्यवस्था भए बमोजिम संरक्षित फिर्ता कोषको परिचालन गरिने छ।

ख) सदस्य तर्फको कारोवारको अलगै अभिलेख राखिने छ। सदस्य लाई उनीहरुले गरेको कारोवारको आधारमा अनिवार्य रुपमा संरक्षित पूजिँ फिर्ता कोषको रकम वितरण गरिने छ।

## २२. कर्मचारी तथा समय व्यवस्थापनः

क) सहकारी बजारको लागि आबश्यक कर्मचारीहरुको दरबन्दी तथा नियुक्ती संस्थाको कर्मचारी प्रशासन कार्यविधि अनुसार गरीनेछ।

ख) सहकारी बजार संचालन ब्यवस्था (खुल्ने, बन्द हुने, साप्ताहिक विदा तथा सार्वजनक विदाको व्यवस्था ) संचालक समितिले तोके बमोजिम हुनेछ।

ग) सहकारी बजारमा काम गर्ने बजार ब्यवस्थापकको कामको जिम्मेवारी कार्यलय प्रमुख र अन्य कर्मचारीको जिम्मेवारी बजार ब्यवस्थापकले तोके बमोजिम हुनेछ।

घ) संचालक समितिले कारोवारको बार्षिक लक्ष्य निर्धारण गर्ने छ।

ङ) अतिरिक्त समय काम गरेको कर्मचारी पारिश्रमिक कर्मचारी प्रशासन कार्यबिधि अनुरुप हुनेछ।

**२३ बचाउ :**

यस भन्दा अघि गरिएका बजार व्यवस्थापन संग सम्वन्धित सम्पुर्ण कार्यहरु यसै कार्यबिधि अनुरुप भए/गरेको मानिनेछ ।

२४. **व्याख्या तथा संसोधन :**

क) यो कार्यबिधिको ब्याख्या गर्ने अधिकार सञ्चालक समितिमा निहित रहनेछ ।

ख) यस कार्यविधिमा आवश्यकता अनुसार साधारण सभाले परिमार्जन तथा संसोधन गर्न सक्नेछ ।

समाप्त

# ....... सहकारी संस्था लि.

............, ..................

# सहकारी बजार व्यवस्थापन कार्यविधि